# नेपाल वायुसेवा निगम

## खुल्ला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**प्रकाशित मिति:२०७९/०९/०१**

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम निगमका निम्नलिखित रिक्त पदहरुमा खुल्ला प्रतियोगिताद्वारा स्थायी पदपूर्तिका लागि योग्य नेपाली नागरिकहरुबाट अनलाइन दरखास्त आह्वान गरिन्छ । देहाय बमोजिमको योग्यता पुगेका उम्मेदवारहरुले निगमको अनलाइन दरखास्त प्रणाली **vacancy.nepalairlines.com.np** मार्फत् आवश्यक विवरण भरी उक्त प्रणालीमा रहेको Connect IPS भुक्तानी प्रणालीमार्फत् सम्बन्धित पदका लागि तोकिए बमोजिमको दरखास्त दस्तुर भुक्तानी गरी यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र पेश गर्नु पर्नेछ । रीत नपुगेका र म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

**विज्ञापित पदहरुको विवरण:**

| क्र. सं | विज्ञापन नं | पद | तह | सेवा/समुह/उपसमुह | खुल्ला | समाबेशी | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | आ/ज | मधेशी | दलित | अपाङ्ग | पि.क्षे | |
| १ | ०१।०७९।८० | बरिष्ठ प्राविधिक अधिकृत | ७ | वायुयान मर्मत सम्भार/ ग्राउण्ड ईक्युपमेन्ट/अटोमोबाईल/मेकानिकल) | १ | – | – | – | – | – | – | १ |
| २ | ०२।०७९।८० | बरिष्ठ प्राविधिक अधिकृत | ७ | वायुयान मर्मत सम्भार/ मर्मत सम्भार/एभियोनिक्स) | १ | – | – | – | – | – | – | १ |
| ३ | ०३।०७९।८० | बरिष्ठ प्राविधिक अधिकृत | ७ | वायुयान मर्मत सम्भार/ मर्मत सम्भार/ (एयरफ्रेम एण्ड इन्जिन) | ४ | ० | १ | – | – | – | – | ५ |
| ४ | ०४।०७९।८० | अधिकृत | ६ | प्रशासन/सामान्य प्रशासन | १४ | ४ | ३ | ३ | २ | १ | १ | २८ |
| ५ | ०५।०७९।८० | लेखा अधिकृत | ६ | प्रशासन/लेखा | ६ | २ | १ | १ | १ | – | – | ११ |
| ६ | ०६।०७९।८० | कानून अधिकृत | ६ | प्रशासन/सामान्य प्रशासन/कानून | १ | १ | – | – | – | – | – | २ |
| ७ | ०७।०७९।८० | बरिष्ठ सहायक | ५ | प्रशासन/सामान्य प्रशासन | ११ | ३ | ३ | २ | १ | १ | १ | २२ |
| ८ | ०८।०७९।८० | बरिष्ठ लेखा सहायक | ५ | प्रशासन/लेखा | ६ | – | १ | १ | – | – | – | ८ |
| ९ | ०९।०७९।८० | बरिष्ठ प्राविधिक (एभियोनिक्स) | ५ | वायुयान मर्मत सम्भार/ मर्मत सम्भार/ (एभियोनिक्स) | ६ | १ | २ | १ | १ | – | – | ११ |
| १० | १०।०७९।८० | बरिष्ठ प्राविधिक (एयरफ्रेम एण्ड इन्जिन) | ५ | वायुयान मर्मत सम्भार/ मर्मत सम्भार/ (एयरफ्रेम एण्ड इन्जिन) | ५ | १ | १ | २ | १ | – | – | १० |
| ११ | ११।०७९।८० | बरिष्ठ प्राविधिक (ईलेक्ट्रिकल) | ५ | वायुयान मर्मत सम्भार/ ग्राउण्ड ईक्युपमेन्ट (ईलेक्ट्रिकल) | १ | – | – | – | – | – | – | १ |
| १२ | १२।०७९।८० | सिनियर ग्राउण्ड ईक्युपमेन्ट अपरेटर | ५ | वायुयान मर्मत सम्भार/ग्राउण्ड इक्युप्मेन्ट/अपरेटर्स | १ | – | – | – | – | – | – | १ |
| १३ | १३।०७९।८० | सहायक | ४ | प्रशासन/सामान्य प्रशासन | २० | ५ | ४ | ४ | १ | १ | १ | ३६ |
| १४ | १४।०७९।८० | लेखा सहायक | ४ | प्रशासन/लेखा | १ | – | – | – | – | – | – | १ |

---

**परीक्षा दस्तुर** :

| क्र.सं | तह | खुल्लाको लागि (कुनै एक समुहको लागि) | एक भन्दा बढी समुहमा दरखास्त पेश गर्दा प्रत्येक थप समुहको लागि |
|---|---|---|---|
| १ | सात र छ | रु.१०००/- | रु.५००/- |
| २ | पाँच र चार | रु.५००/- | रु.२५०/- |

**आवश्यक न्यूनतम योग्यता :**

| क्र.सं | बिज्ञापन नं | पद | तह | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|
| १ | ०१।०७९।८० | बरिष्ठ प्राविधिक अधिकृत (ग्राउण्ड ईक्युपमेन्ट /अटोमोबाईल/मेकानिकल)) | ७ | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट Automobile/ Mechanical Engineering बिषयमा बी.ई उत्तीर्ण गरेको । |
| २ | ०२।०७९।८० | बरिष्ठ प्राविधिक अधिकृत (मर्मतसंभार/एभियोनिक्स) | ७ | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट Aerounatical (Avionics) /Electrical/Electronics/Communication बिषयमा बी.ई उत्तीर्ण गरेको । |
| ३ | ०३।०७९।८० | बरिष्ठ प्राविधिक अधिकृत (मर्मतसंभार/एयरफ्रेम एण्ड ईन्जिन) | ७ | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाटAerounatical/ Mechanical बिषयमा बी.ई उत्तीर्ण गरेको । |
| ४ | ०४।०७९।८० | अधिकृत (प्रशासन/सामान्य प्रशासन) | ६ | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट वा शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| ५ | ०५।०७९।८० | लेखा अधिकृत (प्रशासन/लेखा) | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासन वा अर्थशास्त्र, गणित, तथ्यांकशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| ६ | ०६।०७९।८० | अधिकृत (प्रशासन/सामान्य प्रशासन/कानून) | ६ | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट वा शिक्षण संस्थाबाट कानून विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको । |
| ७ | ०७।०७९।८० | बरिष्ठ सहायक (प्रशासन/सामान्य प्रशासन) | ५ | नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट १०+२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । |
| ८ | ०८।०७९।८० | बरिष्ठ लेखा सहायक (प्रशासन/लेखा) | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन वा वाणिज्यशास्त्रमा प्रविणता प्रमाणपत्र तह वा अर्थशास्त्र, गणित, तथ्यांकशास्त्र वा जनप्रशासन मध्ये कुनै एक मूल विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । |
| ९ | ०९।०७९।८० | बरिष्ठ प्राविधिक (मर्मत संभार/एभियोनिक्स) | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्टिकल/इलेक्ट्रोनिक्स/रेडीयो/कम्युनिकेशन विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको । |
| १० | १०।०७९।८० | बरिष्ठ प्राविधिक (मर्मतसंभार/एयरफ्रेम एण्ड ईन्जिन) | ५ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल/एरोनोटिकल/अटोमोबाइल विषयमा १०+२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । |
| ११ | ११।०७९।८० | बरिष्ठ प्राविधिक ( ग्राउन्ड ईक्युपमेन्ट/ इलेक्ट्रिकल) | ५ | नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स विषयमा १०+२ वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको । |
| १२ | १२।०७९।८० | सिनियर ग्राउण्ड ईक्युपमेन्ट अपरेटर ( ग्राउण्ड ईक्युपमेन्ट/अपरेटर्स) | ५ | १) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट अटोमोबाइल विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण<br>२) हलुका सवारी चालक अनुमति पत्र प्राप्त |
| १३ | १३।०७९।८० | सहायक | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको । एस.ई.ई. को हकमा कम्तीमा सी ग्रेड प्राप्त गरेको । |
| १४ | १४।०७९।८० | लेखा सहायक | ४ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको । एस.ई.ई. को हकमा कम्तीमा सी ग्रेड प्राप्त गरेको । |

**समावेशीतर्फ दरखास्त दिने उम्मेदवारहरुको हकमा देहाय बमोजिम हुनेछः**

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुने छ, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्रबाट एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको

प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको सूचीको आधारमा दरखास्त स्वीकृत हुने छ तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको आधारमा दरखास्त स्वीकृत हुनेछ ।

(घ) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको प्रमाणको आधारमा दरखास्त स्वीकृत हुने छ तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रका हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा बसोबास भएको भनी प्रमाणित गरेको कम्तिमा तीन महिना अवधि भित्रको सिफारिसका आधारमा दरखास्त स्वीकृत हुनेछ ।

**स्थायी नियुक्तिको आधार:**

| क्र.सं | विज्ञापन नं | पद | तह | स्थायी नियुक्तिको आधार |
|---|---|---|---|---|
| १ | ०२।०७९।८० | बरिष्ठ प्राविधिक अधिकृत (मर्मतसंभार /एभियोनिक्स) | ७ | वायुयान मर्मत सेवा अन्तर्गत सातौं तहमा सेवा प्रवेश गर्ने कर्मचारीहरुले नियुक्ति पाएको मितिले छ (६) वर्ष भित्रमा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट लिइने Aircraft Maintenance Licence (AMTL) Basic वा सो सरहको परीक्षा उत्तीर्ण गरी सक्नु पर्नेछ । उक्त परीक्षा उत्तीर्ण गर्न नसकेमा निजले निगमको सेवाबाट स्वत: अवकाश पाउनेछ । |
| २ | ०३।०७९।८० | बरिष्ठ प्राविधिक अधिकृत (मर्मतसंभार/एयरफ्रेम एण्ड ईन्जिन) | ७ | |

**उपरोक्त पदहरुका लागि:**

**(क) उमेरको हद:**

१) तह ७ र ६ का पदहरुका लागि २१ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको

२) तह ५ र ४ का पदहरुका लागि १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गको हकमा ४० वर्ष ननाघेको ।

३) निगममा बहालवाला कर्मचारीको हकमा उमेरहद लागू हुने छैन ।

**(ख) समकक्षता:**

समकक्षता निर्धारण गर्नु पर्ने शैक्षिक योग्यताको हकमा सम्बन्धित विश्वविद्यालय वा निकायबाट समकक्षता निर्धारण गरेको प्रमाण अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । दरखास्त साथ पेश नभएको समकक्षता मान्य हुने छैन ।

(ग) **पेश गर्नुपर्ने आवश्यक कागजातहरु** :

नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता हुनु पर्ने प्रावधान रहेका प्राविधिक पदमा दरखास्त दिने उम्मेदवारहरुले नेपाल इन्जिनियरिङ परिषद्मा दर्ता भएको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**(घ)** निगमको पदपूर्ति समितिको सूचनामा उल्लेखित म्याद भित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विविरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रीत पूर्वक पेश नभएको दरखास्त स्वीकृत गरिने छैन । त्यस्तो दरखास्त स्वीकृत भएको पाइएमा जुनसुकै बखत दरखास्त रद्ध हुनेछ ।

(ङ) खुला र समावेशी तर्फको लिखित परीक्षा एकीकृत रुपमा हुनेछ । छुट्टाछुट्टै परीक्षा दिनुपर्ने छैन ।

(च) खुल्ला प्रतियोगिताको लागि विज्ञापित पदहरुको पाठ्यक्रम निगमको वेबसाईट www.nepaairlines.com.np बाट download गर्न सकिनेछ ।

(छ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा सुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै लोक सेवा आयोगको केन्द्रीय कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन निगम र लोक सेवा आयोग बाध्य हुने छैनन् ।

(ज) नेपाल सरकारको सेवा वा सरकारी स्वामित्व भएको संस्था वा अन्तर्राष्ट्रिय संघ/संस्थाहरुमा काम गरिरहेको भए सो निकायबाट प्रमाणित गरिएको विभागीय स्वीकृति पेश गर्नु पर्नेछ ।

(झ) परीक्षामा कालो मसी प्रयोग गर्नु पर्नेछ । परीक्षाको किसिम तथा अंकभार सम्बन्धित पदको पाठ्यक्रममा उल्लेख भए बमोजिमको हुनेछ ।

(ञ) **नागरिकता** : उम्मेदवार नेपाली नागरिक हुनु पर्नेछ ।

(ट) **सेवा प्रवेश तालिम**: निगमको नियमानुसार हुनेछ ।

(ठ) **छनौट प्रक्रिया** :

(१) प्रशासन सेवा तर्फका तह ६, ५ र ४ का पदहरुका लागि लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता ।

(२) अन्य पदहरुका लागि लिखित परीक्षा तथा अन्तर्वार्ता ।

(ड) **अनलाईन दरखास्त पेश गर्ने अन्तिम मिति:**

२०७९/०९/२१ गते सम्म, दोब्बर दस्तुर तिरि २०७९/०९/२८ गते सम्म दरखास्त बुझाउन सकिनेछ । २०७९/०९/२८ सम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाईसक्नु पर्नेछ । दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन ।

(ढ) **तलब तथा अन्य सुविधा** : निगमको नियमानुसार ।

(ण) लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ । लिखित परिक्षाको लागि सम्पर्क मिति लोक सेवा आयोगसंग समन्वय गरी पछि प्रकाशित गरिनेछ ।

(त) लिखित परीक्षाको कार्यक्रम लोक सेवा आयोगले तोके बमोजिम सञ्चालन हुनेछ । सोको सूचना निगमको वेबसाईट तथा गोरखापत्र दैनिकमा प्रकाशन गरिनेछ ।

(थ) थप जानकारीका लागि निगमको केन्द्रीय कार्यालय, न्यूरोड काठमाडौंको फोन नं ०१-४२२०७५७ मा सम्पर्क गर्न सकिनेछ ।

**पूनश्च:**

यो सूचना निगमको **Website: www.nepalairlines.com.np** मा समेत हेर्न सकिनेछ ।

**मानव संशाधन विभाग**

नेपाल वायुसेवा

# नेपाल वायुसेवा निगम

## आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवा सम्बन्धी सूचना

**प्रकाशित मितिः २०७९/०९/०१**

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस निगमको देहायका सेवा, समूह तथा उपसमूहमा २०७९ साल असार मसान्त सम्म रिक्त रहेका दरबन्दीहरुमध्ये निम्न पदहरुमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गर्न नेपाल वायुसेवा निगमका कर्मचारीहरुको सेवा, शर्त सम्बन्धी विनियमावली, २०५८ को परिच्छेद ६ बमोजिम सम्भाव्य उम्मेदवारहरुले मानव संशाधन विभागबाट उपलब्ध हुने फाराम भरी यो सूचना गोरखापत्र दैनिकमा प्रकाशित भएको मितिले ३० दिनभित्र मानव संशाधन विभागमा बुझाउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । समय नाघी प्राप्त भएका र रीतपूर्वक प्राप्त नभएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

| क्र.सं | विज्ञापन नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | २०१/०७९/८० | उपनिर्देशक | ९ | प्रशासन/लेखा | १ | १५००/- |
| २ | २०२/०७९/८० | सुपरिटेन्डेन्ट एएमई | ९ | वायुयान मर्मत सम्भार | १ | १५००/- |
| ३ | २०३/०७९/८० | सुपरिटेन्डेन्ट अपरेशन्स इन्जिनियर | ९ | उड्डयन/ उड्डयन प्राविधिक | १ | १५००/- |
| ४ | २०४/०७९/८० | प्रबन्धक | ८ | प्रशासन/सामान्य प्रशासन | १० | १५००/- |
| ५ | २०५/०७९/८० | लेखा प्रबन्धक | ८ | प्रशासन/लेखा | ५ | १५००/- |
| ६ | २०६/०७९/८० | सिनियर एएमई | ८ | वायुयान मर्मत सम्भार /मर्मत सम्भार (ए एण्ड सी) | १ | १५००/- |
| ७ | २०७/०७९/८० | सिनियर एएमई | ८ | वायुयान मर्मत सम्भार /मर्मत सम्भार (एभियोनिक्स) | १ | १५००/- |
| ८ | २०८/०७९/८० | सिनियर इन्जिनियर | ८ | वायुयान मर्मत सम्भार (सपोर्ट) | २ | १५००/- |
| ९ | २०९/०७९/८० | सिनियर आई.टी. इन्जिनियर | ८ | सामान्य प्राविधिक | १ | १५००/- |
| १० | २१०/०७९/८० | म्यानेजर फ्लाईट डिस्प्याचर | ८ | उड्डयन/ उड्डयन प्राविधिक | १ | १५००/- |
| ११ | २११/०७९/८० | बरिष्ठ अधिकृत | ७ | प्रशासन/सामान्य प्रशासन | १८ | १०००/- |
| १२ | २१२/०७९/८० | बरिष्ठ लेखा अधिकृत | ७ | प्रशासन/लेखा | ५ | १०००/- |
| १३ | २१३/०७९/८० | बरिष्ठ प्राविधिक अधिकृत | ७ | वायुयान मर्मत सम्भार,मर्मत सम्भार/एयरफ्रेम एण्ड इन्जिन | ४ | १०००/- |
| १४ | २१४/०७९/८० | सिनियर फ्लाईट डिस्प्याचर | ७ | उड्डयन/ उड्डयन प्राविधिक | १ | १०००/- |
| १५ | २१५/०७९/८० | अधिकृत | ६ | प्रशासन/सामान्य प्रशासन | १४ | १०००/- |
| १६ | २१६/०७९/८० | लेखा अधिकृत | ६ | प्रशासन/लेखा | ५ | १०००/- |
| १७ | २१७/०७९/८० | प्राविधिक अधिकृत | ६ | वायुयान मर्मत सम्भार/एयर फ्रेम एण्ड इन्जिन | ५ | १०००/- |
| १८ | २१८/०७९/८० | प्राविधिक अधिकृत | ६ | वायुयान मर्मत सम्भार/एभियोनिक्स | ३ | १०००/- |
| १९ | २१९/०७९/८० | प्राविधिक अधिकृत | ६ | सामान्य प्राविधिक | ३ | १०००/- |
| २० | २२०/०७९/८० | ग्राउण्ड इक्युपमेण्ट अफिसर | ६ | वायुयान मर्मत सम्भार/ग्राउण्ड इक्युपमेण्ट/अपरेटर्स | १ | १०००/- |
| २१ | २२१/०७९/८० | टेलरिङ्ग अफिसर | ६ | वायुयान मर्मत सम्भार/विविध | १ | १०००/- |
| २२ | २२२/०७९/८० | फ्लाईट डिस्प्याचर | ६ | उड्डयन/ उड्डयन प्राविधिक | २ | १०००/- |
| २३ | २२३/०७९/८० | बरिष्ठ सहायक | ५ | प्रशासन/सामान्य प्रशासन | २२ | ५००/- |
| २४ | २२४/०७९/८० | बरिष्ठ लेखा सहायक | ५ | प्रशासन/लेखा | ४ | ५००/- |
| २५ | २२५/०७९/८० | सिनियर जि.ई.ओ | ५ | वायुयान मर्मत सम्भार/ग्राउण्ड इक्युपमेण्ट/ अपरेटर्स | २ | ५००/- |

**<u>पुनश्चः</u>**

१. उम्मेदवारले दरखास्त साथ हालको पदमा नियुक्त/बढुवा भएको पत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु र नागरिकताको प्रमाणपत्रको छायाँ प्रति स्वयं प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

२. समकक्षता निर्धारण गर्नु पर्ने शैक्षिक योग्यताको हकमा सम्बन्धित विश्वविद्यालय वा निकायबाट समकक्षता निर्धारण गरेको प्रमाणको प्रतिलिपि स्वयंद्धारा प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । दरखास्त साथ पेश नभएको समकक्षता मान्य हुने छैन ।

३. दरखास्त दिने अन्तिम मिति : सूचना प्रकाशित मितिले तीसौं दिन, सो दिन बिदा परे सो पछि कार्यालय खुलेको पहिलो दिन दरखास्त बुझाउन सकिनेछ ।

४. माथि उल्लेख भएका पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट संचालन हुनेछ । साथै परीक्षा मिति, समय र स्थान सम्बन्धी सूचना पछि प्रकाशन गरिनेछ ।

५. आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने बढुवाको लागि आवेदन दिने उम्मेदवारले तोकिएको दरखास्त फारम भरी नेपाल बैंक लिमिटेडमा रहेको निगमको खाता नं ००२००१००५०९९३८०००००१ मा जम्मा गरी सक्कलै भौचर दरखास्त फारम साथ पेश गर्नु पर्नेछ ।

५. यो सूचना निगमको website: www.nepalairlines.com.np मा समेत हेर्न सकिनेछ ।

**मानव संशाधन विभाग**

# नेपाल वायुसेवा निगम

## कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवा सम्बन्धी सूचना

**सुचना प्रकाशित मितिः २०७९/०९/०१**

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस निगमको देहायका सेवा, समूह तथा उपसमूहमा २०७९ साल आषाढ मसान्तसम्म रिक्त रहेका दरबन्दीहरुमध्ये निम्न पदहरुमा कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवा गर्न सूचना प्रकाशन गर्न पदपूर्ति समितिको बैठकले निर्णय गरेको हुँदा नेपाल वायुसेवा निगमका कर्मचारीहरुको सेवा, शर्त सम्बन्धी विनियमावली, २०५८ को परिच्छेद ६ बमोजिम सम्भाव्य उम्मेदवारहरुले मानव संशाधन विभागबाट उपलब्ध हुने फाराम भरी यो सूचना गोरखापत्र दैनिकमा प्रकाशित भएको मितिले ३० दिनभित्र मानव संशाधन बिभागमा बुझाउनु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । समय नाघी आएका र रीतपूर्वक प्राप्त नभएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत सूचित गरिन्छ ।

| क्र.सं | विज्ञापन नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद संख्या |
|---|---|---|---|---|---|
| १ | १०१/०७९/८० | नायव महाप्रबन्धक (प्र.) | ११ | प्रशासन/सामान्य प्रशासन | १ |
| २ | १०२/०७९/८० | नायव महाप्रबन्धक (प्रा.) | ११ | वायुयान मर्मत सम्भार | १ |
| ३ | १०३/०७९/८० | निर्देशक | १० | वायुयान मर्मत सम्भार | १ |
| ४ | १०४/०७९/८० | निर्देशक | १० | वायुयान मर्मत सम्भार/ग्राउण्ड इक्युपमेन्ट | १ |
| ५ | १०५/०७९/८० | उप निर्देशक | ९ | प्रशासन/सामान्य प्रशासन | २ |
| ६ | १०६/०७९/८० | उप निर्देशक | ९ | प्रशासन/लेखा | २ |
| ७ | १०७/०७९/८० | उप निर्देशक | ९ | सामान्य प्राविधिक | २ |
| ८ | १०८/०७९/८० | सुपरिटेन्डेन्ट एएमई | ९ | वायुयान मर्मत सम्भार | २ |
| ९ | १०९/०७९/८० | प्रबन्धक | ८ | प्रशासन/सामान्य प्रशासन | ११ |
| १० | ११०/०७९/८० | लेखा प्रबन्धक | ८ | प्रशासन/लेखा | ८ |
| ११ | १११/०७९/८० | सिनियर एएमई | ८ | वायुयान मर्मत सम्भार/ मर्मत सम्भार /एयरफ्रेम एण्ड इन्जिन | २ |
| १२ | ११२/०७९/८० | सिनियर एएमई | ८ | वायुयान मर्मत सम्भार/ मर्मत सम्भार / एभियोनिक्स | २ |
| १३ | ११३/०७९/८० | सिनियर इन्जिनियर | ८ | वायुयान मर्मत सम्भार/ग्राउण्ड इक्युपमेन्ट | १ |
| १४ | ११४/०७९/८० | सिनियर इन्जिनियर | ८ | वायुयान मर्मत सम्भार/सपोर्ट | ३ |
| १५ | ११५/०७९/८० | सिनियर आई.टी. इन्जिनियर | ८ | सामान्य प्राविधिक | १ |
| १६ | ११६/०७९/८० | म्यानेजर फ्लाईट डिस्प्याचर | ८ | उड्डयन/उड्डयन प्राविधिक | १ |
| १७ | ११७/०७९/८० | बरिष्ठ अधिकृत | ७ | प्रशासन/सामान्य प्रशासन | २७ |
| १८ | ११८/०७९/८० | बरिष्ठ लेखा अधिकृत | ७ | प्रशासन/लेखा | १ |
| १९ | ११९/०७९/८० | बरिष्ठ प्राविधिक अधिकृत | ७ | वायुयान मर्मत सम्भार/मर्मत सम्भार/ एभियोनिक्स | १ |
| २० | १२०/०७९/८० | सिनियर फ्लाईट डिस्प्याचर | ७ | उड्डयन/उड्डयन प्राविधिक | ४ |
| २१ | १२१/०७९/८० | अधिकृत | ६ | प्रशासन/सामान्य प्रशासन | १४ |
| २२ | १२२/०७९/८० | लेखा अधिकृत | ६ | प्रशासन/लेखा | ५ |
| २३ | १२३/०७९/८० | प्राविधिक अधिकृत | ६ | वायुयान मर्मत सम्भार/एयरफ्रेम एण्ड इन्जिन | ६ |
| २४ | १२४/०७९/८० | प्राविधिक अधिकृत | ६ | वायुयान मर्मत सम्भार/एभियोनिक्स | ४ |
| २५ | १२५/०७९/८० | प्राविधिक अधिकृत | ६ | सामान्य प्राविधिक | ३ |
| २६ | १२६/०७९/८० | फ्लाइट डिस्प्याचर | ६ | उड्डयन/उड्डयन प्राविधिक | ३ |
| २७ | १२७/०७९/८० | बरिष्ठ सहायक | ५ | प्रशासन/सामान्य प्रशासन | ४२ |
| २८ | १२८/०७९/८० | बरिष्ठ लेखा सहायक | ५ | प्रशासन/लेखा | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | १२९/०७९/८० | सहायक | ४ | प्रशासन/सामान्य प्रशासन | ३५ |
| ३० | १३०/०७९/८० | लेखा सहायक | ४ | प्रशासन/लेखा | १ |

**पुनश्चः**

१. उम्मेदवारले बढुवा दरखास्त साथ हालको पदमा र सो भन्दा मुनिको पदमा नियुक्त/बढुवा भएको पत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु र नेपाली नागरिकताको प्रमाणपत्रको छांया प्रति स्वयं प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
२. दरखास्त दिने अन्तिम मिति : सूचना प्रकाशित मितिले तीसौं दिन, सो दिन बिदा परे सो पछि कार्यालय खुलेको पहिलो दिन दरखास्त बुझाउन सकिनेछ ।
३. यो सूचना निगमको website: www.nepalairlines.com.np मा समेत हेर्न सकिनेछ ।

**मानव संशाधन बिभाग**